**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०७ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेंद्र मोदीले डिजिटल व्यक्तिगत डेटा सुरक्षा नियमावलीए २०२५ को मसौदाले नागरिक.केंद्रित शासन प्रति भारत को प्रतिबद्धतालाई प्राथमिकता दिएको बताउनुभएको छ।

२. पश्चिम बंगाल को मुख्यमंत्री ममता बनर्जीले आज गंगासागरमा एक सय ५३ करोड़ रुपियाँको विभिन्न कल्याणकारी योजनाहरुको उद्घाटन एवं शिलान्यास गर्नुभयो।

३. मुख्यमंत्री ममता बनर्जीले मानिसहरुसित एचएमपी वायरसलाई लिएर आत्तिने कुनै आवश्यक्ता नरहेको बताउनुभएको छ।

४. जीटीए क्षेत्रका नवदित कलाकारहरु लाई संगीतको क्षेत्रमा मञ्च प्रदान गर्ने उदेश्य लिएर जीटीए स्तरीय संगीत प्रतियोगिता " जीटीए आइडल " हुने भएको छ।

५. पश्चिम बंगाल सरकारले सरकारी अस्पतालहरुमा कार्यरत डॉक्टरहरुले प्रतिदिन आठ घंटा अस्पताल मा काम गर्न पर्ने नयाँ नियम जारी गरेको छ।

**प्रधानमंत्री - डेटा सुरक्षा**

प्रधानमंत्री नरेंद्र मोदीले डिजिटल व्यक्तिगत डेटा सुरक्षा नियमावलीए २०२५ को मसौदाले नागरिक.केंद्रित शासन प्रति भारत को प्रतिबद्धतालाई प्राथमिकता दिँदछ भनी बताउनुभएको छ। इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्रालय द्वारा डिजिटल व्यक्तिगत डेटा सुरक्षा नियमहरुका मसौदा जारी गरिएको छ। यो मसौदा नागरिकहरुका डिजिटल व्यक्तिगत डेटा को सुरक्षा सुनिश्चित गर्नका लागि भारत को प्रतिबद्धता को प्रमाण रहेको बताइएको छ। मंत्रालय ले माइ गॉव प्लेटफॉर्म को माध्यमबाट आगामी महिना १८ तारीख सम्म जनता अनि हितधारकहरुबाट मसौदा नियमहरुमाथि टिप्पणीहरु आमंत्रित गरेको छ।

****** ० ******

**पश्चिम बंगाल.मुख्यमंत्री**

पश्चिम बंगाल को मुख्यमंत्री ममता बनर्जीले आज गंगासागरमा पेयजलए सड़कए आंगनवाड़ी तथा पुल सित जुड़ेका एक सय ५३ करोड़ रुपियाँको विभिन्न कल्याणकारी योजनाहरुको उद्घाटन एवं शिलान्यास गर्नुभयो। यस अवसरमा मुख्यमंत्रीले ३० कल्याणकारी योजनाहरुद्वारा कुल १६ लाख मानिस लाभान्वित हुने बताउनुभयो। सुश्री बनर्जीले यस अघि हिज गंगासागर मेला को तैयारीहरुको निरीक्षण गर्नुभयो। उहाँले गंगासागर मेला मा जलमार्ग द्वारा हुने घुसपैठलाई लिएर पुलिसलाई सतर्क बस्ने सलाह दिनुभयो। यसको साथै भारतीय तटरक्षक बलसित पनि यस मामला मा सतर्क बस्ने आग्रह मुख्यमंत्रीले गर्नुभएको छ।

****** ० ******

**एचएमपीवी-मुख्यमंत्री**

कोविड-१९ पछि अब ह्यूमन मेटाप्न्यूमोवायरस (एचएमपीवी) लाई लिएर मानिसहरुमा डर बढ़्दै गइरहेको छ। यस्तो स्थिति मा पश्चिम बंगाल को मुख्यमंत्री ममता बनर्जीले मानिसहरुसित अफवाहहरुमाथि ध्यान नदिने अपील गर्नुभएक छ। गंगासागरबाट फर्कनुभएपछि

आज पत्रकारहरुसित कुराकानी गर्नुहुँदै मुख्यमंत्रीले एचएमपीवी लाई लिएर आत्तिने कुनै आवश्यक्ता नरहेको बताउनुभएको छ। मुख्य सचिवद्वारा यस बारे दिशा निर्देश जारी गरिएको पनि मुख्यमंत्रीले बताउनु भएको छ। मुख्यमंत्रीले कोविड को अवधि सरकार को तैयारीहरुको उल्लेख गर्नुहुँदै राज्य प्रशासन सबै स्थिति सित जुझ्न तयार रहेको पनि बताउनुभएको छ।

****** ० ******

**मुख्यमंत्री-शोक**

पश्चिम बंगालको सोनारपुरका पूर्व विधायक अनि अध्यापक जीवन मुखोपाध्याय को निधनमा मुख्यमंत्री ममता बनर्जीले गहिरो शोक व्यक्त गर्नुभएको छ। मुख्यमंत्रीले जीवन मुखोपाध्यायलाई आफ्नो "सहयोद्धा" बताउनु हुँदै उहाँको योगदान को सराहना गर्नुभयो। मुख्यमंत्रीले शोकाकूल परिवारए साथी-भाई तथा  अनुयायी प्रति पनि आफ्नो संवेदना व्यक्त गर्नु भएको छ। जीवन मुखोपाध्याय राजनीति को क्षेत्र मा सक्रिय हुनका साथै एक शिक्षाविद् अनि छात्रहरुका प्रिय लेखक थिए।

****** ० ******

**स्वास्थ्य सचिव - एचएमपीवी समीक्षा बैठक**

केन्द्रीय स्वास्थ्य सचिव पुण्य सलिला श्रीवास्तवले ह्युमन मेटा प्युमो भाइरस (एच.एम.पी.भी) बाट जनताका लागि चिन्ताको कुनै कारण नभएको बताउनु भएको छ । राज्य र केन्द्र-शासित प्रदेशहरू सँगको भर्चुअल बैठकमा स्वास्थ्य सचिवले भारतमा श्वास-प्रश्वास सम्बन्धी रोगहरूको वर्तमान स्थिति र उनीहरूको व्यवस्थापनका लागि सार्वजनिक स्वास्थ्य उपायहरूको साथ साथै एच.एम.पी.भी. केसहरूको स्थितिको समीक्षा गर्नु भयो । सचिवले राज्यहरूलाई इन्फ्लुएन्जा जस्तो रोग र श्वास-प्रश्वास सम्बन्धी गम्भीर संक्रमणको निगरानी लाई कडा बनाउन सुझाव दिनु भएकोछ। उहाले सामान्यतया जाडो याममा श्वास-प्रश्वास सम्बन्धी रोगको वृद्धि हुने गरेको उल्लेख गर्दै श्वास-प्रश्वास सम्बन्धी रोगको सम्भावित वृद्धिका लागि देश तयार रहेको बताउनु भयो। राज्यहरूलाई सूचना, शिक्षा र सञ्चारका साथै भाइरसको फैलावट रोक्नका लागि मानिसहरूमा जागरूकता बढाउन पनि सुझाव दिइएको छ।

****** ० ******

**डॉक्टर-नियम**

पश्चिम बंगाल सरकारले सरकारी अस्पतालहरुमा कार्यरत डॉक्टरहरुको कामकाजलाई लिएर नयाँ नियम जारी गरेको छ। हिज जारी एक आदेश अनुसारए  सरकारी डॉक्टरहरुले प्रतिदिन आठ घंटा अस्पताल मा काम गर्न पर्नेछ तथा बिहान नौ बजे देखि बेलुकी चार बजे बीच कुनै प्रकार को निजी प्रैक्टिस को अनुमति हुने छैन। नयाँ नियम अनुसारए  अब निजी प्रैक्टिस गर्नका लागि डॉक्टरहरुले केवल "नॉन-प्रैक्टिसिंग अलाउंस" छोड्न पर्याप्त हुने छैन। यसको लागि स्वास्थ्य निदेशक अथवा स्वास्थ्य शिक्षा निदेशक बाट "नो ऑब्जेक्शन सर्टिफिकेट" (एनओसी) पनि ल्याउन अनिवार्य हुनेछ। यसको साथैए  डॉक्टरहरुलाई आफ्नो कार्यक्षेत्र भन्दा २० किलोमीटर को सीमा बाहिर निजी प्रैक्टिस गर्ने अनुमति हुने छैन। सरकारी डॉक्टरहरुका एक वर्गले यी नयाँ नियमहरुको विरोध गरेको छ।

****** ० ******

**भुइच्याँलो**

नेपाल.तिब्बत  सीमा  क्षेत्र  मा आज बिहान लगभग ६ बजेर ३५ मिनटमा आएको भुइच्याँलो को झट्का  उत्तर भारतका विभिन्न भागहरु साथै उत्तर बंगाल को विभिन्न जिल्लाहरुमा महसूस गरिएको छ। आज बिहान दार्जिलिंगए  जलपाईगुड़ीए  कूचबिहारका मानिसहरुले भुइच्याँलो को झट्काको आभास गरे पछि आ-आफ्नो घरबाट बाहिर निस्केको बताइएको छ। यसको साथै उत्तर बंगाल घूम्न आएका पर्यटकहरु पनि भुइच्याँलोको कारण त्रासित बनेको बताइएको छ। यद्धपी भुइच्याँलोको कारण बंगाल तथा भारतमा कुनै ज्यान मालको क्षति भएको खबर छैन। रिक्टर स्केलमा यस भुइच्याँलो को तिव्रता ७ दशमलव १ रहेको बताइएको छ।

****** ० ******

**बांग्लादेश-पहिचान पत्र**

कोलकाता पुलिसले बांग्लादेशबाट आउने अवैध घुसपैठीहरुका लागि फर्जी भारतीय पहिचान पत्र एवं  पासपोर्ट बनाउने रैकेट मा लिप्त चार पुलिसकर्मीका भूमिका सम्बन्धमा जांच शुरू गरेको छ। सूत्र अनुसार यी चार पुलिसकर्मीमा एक सुरक्षा नियंत्रण कार्यालयसित जुड़ेका छन्ए  जबकि एक अन्य पुलिस थानाको कर्मी रहेको बताइएको छ। धेरै पुलिसकर्मीले पासपोर्ट आवेदकहरुका

आवासीय स्थानमा भौतिक सत्यापन गरे बिना आफ्नो रिपोर्ट जमा गरेको आरोप छ। यस बाहेकए यस सम्बन्धमा एक कांस्टेबल अनि नौ अन्य व्यक्तिलाई हाल सम्म पश्चिम बंगाल पुलिसले गिरफ्तार गरिसकेको छ।

****** ० ******

**जीटीए आइडल - हुने**

जीटीए क्षेत्रका नवदित कलाकारहरु लाई संगीतको क्षेत्रमा मञ्च प्रदान गर्ने उदेश्य लिएर गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको सुचना अनि संस्कृति बिभागको आयोजनामा जीटीए स्तरीय संगीत प्रतियोगिता " जीटीए आइडल " हुने भएको छ । उक्त जीटीए आईडलको शुरुआत आगामी १८ जनवरी देखि ४४ तथा ४५ नम्बर समष्टिबाट शुरु हुने जानकारी सुचना अनि संस्कृति बिभागका उप निर्देशक भानु कान्त घिसिङ ले गराएका छन । यसका साथै जीटीए क्षेत्रका ४५ वटा समष्टि हरुमा नै म्युजिकल ट्यालेन्ट हन्ट शो मार्फत प्रतियोगीहरु चयन गरिने जानकारी गराएका छन भने दार्जीलिङ क्षेत्रका सदर २ समष्टि को लागि फर्महरु बितरण आगामी ८ जनवरी देखि गरिने उनले थप बताएका छन । यसका साथै उक्त प्रतियोगितामा प्रथम हुने लाई दुई लाख पचास हजार दोस्रो लाई एक लाख पचास हजार अनि तेस्रो हुने प्रतियोगी लाई एक लाख नगद पुरस्कार सहित आर्कसक पारितोषिकहरु पनि प्रदान गरिने जानकारी गराएका छन । प्रतियोगिताको फाइनल अडिसन २६ फरवरी को दिन हुने पनि उनले थप बताएका छन ।

****** ० ******

**पुरस्कार अलङ्करण समारोह 13 जनवरीको दिन गाडीधुरामा हुने**

जीटीएको सूचना अनि सांस्कृतिक विभागको आयोजनामा सम्पन्न हुने पुरस्कार अलङ्करण समारोह आगामी 13 जनवरीको दिन खरसाङ खण्ड अन्तर्गत तराईको गाडीधुरामा सम्पन्न हुने जानकारी जीटीए सूचना अनि सांस्कृतिक विभागका कार्यकारि सभासद अनोश थापाले दिएका छन्। यो पुरस्कार अलङ्करण समारोह सिलगढीस्थित दिनबन्धु रङ्गमञ्चमा गरिने भनिए तापनि कतिपय कारणवश गाडीधुरामा गरिने निर्णय लिएको थापाले जनाएका छन् । श्री थापाले बताए अनुसार केही व्यक्तिहरूको गुनासो तथा आग्रहलाई ध्यानमा राखेर गाडीधुरामा आगामी 13 जनवरीको दिन यस पुरस्कार अलङ्करण समारोह गरिने निर्णय लिइएको हो।

उहाँले यस कार्यक्रममा साहित्यए संगीतए कला तथा नाटक विधामा विगत धेरै वर्षदेखि सेवा पुऱ्याइरहेका हाम्रा विशिष्ट व्यक्तिहरूलाई सम्मान जनाइने बताउनु हुँदै उक्त कार्यक्रममा सबैलाई उपस्थित भइदिने आग्रह गरेका छन्।

****** ० ******

**आदिवासी गोर्खा एकता मञ्च**

धेरै लामो समय देखि पर्खाईमा बसेका दार्जीलिङ तराई डुवर्सको समस्यालाई लिएर केहि दिन अघि मात्र भारतका गृहमन्त्री अमित शाह द्वारा त्रिपक्षीय वर्ताको ढोका खोल्ने कुरा चल्न साथ दार्जीलिङ तराई डुवर्सका धेरै राजनैतिक दलहरू सलबलाउन थालेका छन् । जसको फलस्वरुप डुवर्स क्षेत्रका धेरै संस्थाहरु सामेल भएका आदिवासी गोर्खा एकता मञ्चका प्रतिनिधिहरू टोली द्वारा गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष बिमल गुरुङ संग भेट गरी डुवर्सको समस्यालाई लिएर छलफल गरेका छन् । भेटघाट पछी डुवर्सको जनहित अनि जन अधिकारको निम्ति गोर्खा जनमुक्ति मोर्चा एव यसका अध्यक्ष बिमल गुरुङ संग जुडेर काम गर्ने आदिवासी गोर्खा एकता मञ्चले जानकारी गराएका छन् ।

****** ० ******

**विनय तामाङ - अजय एड्वार्ड्स**

आउँदो त्रिपक्षीय वार्तामा दार्जिलिङका सांसद राजु विष्टको भूमिका महाभारतमा पाण्डवका सारथी कृष्णको जस्तो हुनुपर्ने जीटीए सभासद् विनय तामाङले बताउनु भएको छ । यसरी नै त्रिपक्षीय वार्तामा जाने प्रतिनिधिहरूका भूमिका अर्जुनको जस्तो हुनुपर्ने उहाँले थप बताउनु भएको छ ।सारथी कृष्ण र अर्जुन मिल्यो भने हामी यो महाभारत जित्नेछौँ भन्दै त्रिपक्षीय वार्ताका लागि दार्जिलिङ पहाडका प्रतिनिधिहरूले आफूलाई पूर्ण तयारीमा राख्नुपर्ने आज एक भिडियो जारी गर्दै सभासद विनय तामांगले बताएका छन । यसरि नै श्री तामाङले दार्जिलिङ पहाडको मुद्दाको समाधान र त्रिपक्षीय वार्ताका लागि संसाद राजु विष्टले पहल र प्रयास गरिरहेको बताउनु हुदै यस पहल र प्रयासलाई सबैले सहयोग र समर्थन गर्नुपर्ने बताउनु भएको छ ।यसै बीच इण्डियन गोर्खा जनशक्ति फ्रण्टका मुख्य संयोजक अजय एड्वार्ड्सले त्रिपक्षीय वार्ता राजनैतिक स्तरकै हुन पर्छ भन्ने मांग गर्दै केन्द्रीय गृहमंत्री

अमित शाहलाई पत्रचार गरेको एक बिज्ञप्ति मार्फत जानाएको छ   गोर्खाएआदिबासीएराजबंशी समुदायहरूको  मांग राजनैतिक विषय भएको हुनाले यस विषयमाथि हुने वार्ता राजनैतिक स्तरकै हुन पर्छ भनि श्री एड्वार्ड्स ले बताएका छन्

****** ० ******